नेपाल बीमा प्राधिकरणको त्रैमासिक प्रकाशन

बीमा समाचार

वर्ष ४, अङ्क १, २०८१ भाद्र
(August-September, 2024)

मधेश प्रदेश सरकारसँग बीमा सम्बन्धी अन्तरक्रिया

बीमा गराउँदा बीमाका शर्तहरूका बारेमा बीमितलाई राम्रोसँग बुझाउनुपर्छः मुख्यमन्त्री सिंह

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहलाई सम्झनाको चिनो प्रदान गर्नुहुँदै ।

नेपाल बीमा प्राधिकरणको आयोजनामा मिति २०८१ साल भाद्र २५ गते जनकपुरधाममा मधेश प्रदेश सरकारसँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले प्रदेश सरकारले कृषि तथा पशुपन्छी बीमामा थप अनुदान दिन रू. दुई करोड छुट्याएको जानकारी दिनुहुँदै अन्य प्रदेशमा शुरू गरिएको घर बीमा र दुर्घटना बीमाको प्रभावकारितालाई अध्ययन गरेर त्यसतर्फ अगाडि बढ्ने बताउनुभयो ।

मुख्यमन्त्री सिंहले बीमा गरेपछि बीमा कम्पनीहरू बीमितसँग सम्पर्कमा नरहने गरेको गुनासाहरू आउने गरेको उल्लेख गर्नुहुँदै बीमा गराउँदा बीमाका शर्तहरूका बारेमा बीमितलाई राम्रोसँग बुझाउनुपर्ने र बीमा सर्भेयर तथा बीमा अभिकर्ताका कामलाई लिएर आउने गरेका गुनासाहरूलाई सम्बोधन गर्न प्राधिकरणले अनुगमनमा जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा जटिल विषय नभएको उल्लेख गर्नुहुँदै दैनिक दुई कप चिया घटाउने हो भने त्यसको पैसाले बीमा गर्न पुग्ने बताउनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "बीमाका बारेमा सबैले बुझ्नु पर्छ, अनुदानको चलन पुरानो भयो, अब अनुदानलाई बीमामा रूपान्तरण गर्नु उपयुक्त हुन्छ, जोखिम हेरेर बीमा गर्नुपर्छ, बीमाबाट नै जोखिमको वित्तीय रक्षावरण हुन्छ ।"

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदीले प्राधिकरणको काम, कर्तव्य र अधिकार, बीमा क्षेत्रको विद्यमान अवस्था, प्रदेश बीमा नीतिको आवश्यकता र बीमाको विकास एवम् विस्तारमा प्रदेश सरकारको भूमिका सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा मधेश प्रदेशका मन्त्री, प्रदेश सरकारका प्रमुख सचिव, प्रदेश मन्त्रालयका सचिव तथा सहसचिव, विभिन्न निकायका प्रतिनिधि र बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत तथा प्रदेश कार्यालय प्रमुखहरू लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख प्रीति देवले गर्नुभएको थियो ।

संरक्षक
श्री सूर्यप्रसाद सिलवाल, अध्यक्ष

सल्लाहकारहरू
श्री कमल प्रसाद रेग्मी, निर्देशक
श्री पूजन ढुङ्गेल (अधिकारी), निर्देशक

सम्पादक समूह
संयोजक
श्री सुशीलदेव सुवेदी, निर्देशक
सदस्यहरू
श्री पुनम ज्ञवाली (श्रेष्ठ), उपनिर्देशक
श्री विरोध वाग्ले, उपनिर्देशक
श्री केदारनाथ भट्ट, सहायक निर्देशक
श्री गोविन्द चिमौरिया, प्रेस सल्लाहकार

प्रकाशक
नेपाल बीमा प्राधिकरण
कुपण्डोल, ललितपुर ।
फोनः ०१-५४२१०७९, ५४३८७४३, ५४२८६०४
Email:info@nia.gov.np, Web: www.nia.gov.np

लुम्बिनी प्रदेश सरकारसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरणसँग समन्वय गरेर 'प्रदेश बीमा नीति' ल्याउने प्रदेश सरकारको प्रतिवद्धता

लुम्बिनी प्रदेशका मन्त्री, नेपाल बीमा प्राधिकरणका अध्यक्ष तथा अतिथिहरु ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यमा यही २०८१ साल भाद्र १३ गते लुम्बिनी प्रदेशको राप्ती उपत्यकामा 'प्रदेश सरकारसँग नेपाल बीमा प्राधिकरण' विषयक छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री खेमबहादुर सारूले प्रदेश सरकारले नेपाल बीमा प्राधिकरणसँग समन्वय गरेर 'प्रदेश बीमा नीति' ल्याउने जानकारी दिनुभयो ।

उहाँले कृषि तथा पशुपन्छी बीमा र स्वास्थ्य बीमामा समस्या रहेको उल्लेख गर्नुहुँदै बीमा दाबी भुक्तानीलाई सरल र छिटोछरितो तुल्याउन प्राधिकरणले सहजीकरण गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

लुम्बिनी प्रदेश सरकारका प्रमुख सचिव महादेव पन्थले नागरिकले बीमा सेवा सुविधा सजिलै प्राप्त गरेमा बीमाप्रतिको विश्वास बढ्ने भएकाले बीमा कम्पनीहरूले त्यसतर्फ ध्यान दिनुपर्ने र बीमा दाबी भुक्तानी समयमै दिनुपर्ने बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा क्षेत्रको विकास एवम् विस्तारमा प्रदेश सरकारसँग समन्वय गरेर अघि बढ्न प्राधिकरण तयार रहेको उल्लेख गर्नुहुँदै नागरिकको हितलाई ध्यानमा राखेर सामूहिक दुर्घटना बीमा र घर बीमा गर्न प्रदेश सरकारलाई सुझाव दिनुभयो ।

अध्यक्ष सिलवालले बीमाबाट हुने फाइदाका बारेमा बुझेर 'प्रदेश बीमा नीति' निर्माणमा लाग्न आग्रह गर्नुहुँदै विपद्‌लाई बीमासँग जोडेर काम गर्दा बढी आर्थिक सुरक्षण प्रदान गर्न सकिने भएकाले त्यसतर्फ ध्यान दिन आग्रह बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदीले प्राधिकरणका काम, कर्तव्य र अधिकार, बीमाको महत्व, बीमा गर्ने विधि, दावी भुक्तानी प्रक्रिया, बीमा क्षेत्रको विद्यमान अवस्था र बीमाको विकास एवम् विस्तारमा प्रदेश सरकारको भूमिका सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले बीमितले समयमै दाबी भुक्तानी नपाएको, दाबी भुक्तानी प्रक्रिया झन्झटिलो रहेको, जीवन बीमा नवीकरण गर्न ढिला भएमा कम्पनीले धेरै ब्याज लिने गरेको, विदेशी बीमा कम्पनीमा बीमा गर्ने प्रचलन अझै पनि नहटेको लगायतका जिज्ञासाहरू राख्नुभएको थियो ।

कार्यक्रममा लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्की, प्रदेश मन्त्रालयका सचिव तथा सहसचिव, सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, आईजीआई प्रुडेन्सियल इन्स्योन्स लिमिटेड र क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत र विभिन्न बीमा कम्पनीका प्रदेश कार्यालय प्रमुखहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयका प्रमुख पूर्ण बहादुर थापाले गर्नुभएको थियो ।

प्रदेश बीमा नीति कार्यान्वयनमा ल्याउने र 'बीमा इकाई' स्थापना गर्ने मुख्यमन्त्री कार्कीको प्रतिबद्धता

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की, नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल तथा कार्यक्रममा सहभागीहरु ।

नेपाल बीमा प्राधिकरणको आयोजनामा मिति २०८१ साल साउन २२ गते विराटनगर स्थित कोशी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सभाहलमा कोशी प्रदेश सरकारसँग बीमा सम्बन्धी अन्तर्क्रिया एवम् छलफल कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विभिन्न किसिमका जोखिमको आँकलन सहित बीमा सम्बन्धी विषयहरू समेटेर छिट्टै 'प्रदेश बीमा नीति' कार्यान्वयनमा ल्याउने र आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तर्गत 'बीमा इकाई' स्थापना गर्ने जानकारी दिनुभयो ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले प्राधिकरणले बीमा दाबी भुक्तानीलाई प्राथमिकता दिँदै आएको उल्लेख गर्नुहुँदै कोरोना बीमाको बाँकी दाबी भुक्तानीका सम्बन्धमा पहल भइरहेको र त्यसमा सरकार सकारात्मक रहेको जानकारी दिनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदीले बीमा सम्बन्धी समग्र विषयका साथै बीमा क्षेत्रको विकास एवम् विस्तारमा प्रदेश सरकारको भूमिका सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा कोशी प्रदेशका मन्त्री तथा राज्यमन्त्री, प्रदेश मन्त्रालयका सचिव तथा सहसचिव, विभिन्न निकायका प्रतिनिधि, बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत तथा प्रदेश कार्यालयका प्रमूखहरू लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख विनोद कुमार पोखरेलले गर्नुभएको थियो ।

घर बनाउन नक्सा पास गर्दा बीमा अनिवार्य गर्न पहल गर्ने नगर प्रमुख सिंहको प्रतिवद्धता

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेश मान सिंहलाई सम्झनाको चिनो प्रदान गर्नुहुँदै ।

नेपाल बीमा प्राधिकरणको आयोजनामा मिति २०८१ साल भाद्र २७ गते वीरगञ्जमा ‘वीरगञ्ज महानगरपालिकासँग नेपाल बीमा प्राधिकरण’ विषयक छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेश मान सिंहले नगरवासीको सामूहिक दुर्घटना बीमा गर्न तथा घरको नक्सा पास गर्दा बीमा अनिवार्य गर्न पहल गर्ने र महानगरपालिकाको भवनको बीमा गर्न प्रक्रिया अगाडि बढाउने जानकारी दिनुभयो ।

वीरगञ्ज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमले पालिकास्तरमा नै बीमा सम्बन्धी गुनासाहरू राख्नपाउने र समस्या समाधान गर्ने व्यवस्था हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले महानगरपालिकाको केही प्रतिशत बजेट छुट्याएर विपन्न तथा गरीब बर्गको बीमा गर्ने व्यवस्था गर्न सुझाव दिनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदीले बीमा बजारको विद्यमान अवस्था, बीमाको विकास एवम् विस्तारमा स्थानीय तहको भूमिका लगायत बीमा सम्बन्धी समग्र विषयमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरू, अगुवा कृषक र बीमा कम्पनीका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख प्रीति देवले गर्नुभएको थियो ।

विराटनगर महानगरपालिकासँग बीमा सम्बन्धी अन्तक्रिया

बीमा क्षेत्रमा विकसित नवीनतम् प्रविधि र अभ्यास भित्र्याउन नगरप्रमुख कोइरालाको सुझाव

कार्यक्रममा सहभागीहरु ।

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८१ साल साउन २१ गते विराटनगरमा विराटनगर महानगरपालिकासँग बीमा सम्बन्धी अन्तर्क्रिया एवम् छलफल कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले बीमा क्षेत्रको विकास एवम् विस्तारका लागि नेपाल बीमा प्राधिकरणसँग सहकार्य गर्न महानगरपालिका तयार रहेको बताउनुभयो ।

प्रमुख कोइरालाले अन्तर्राष्ट्रियस्तरमा विकसित बीमा सम्बन्धी नवीनतम् प्रविधि र अभ्यास नेपालमा पनि भित्र्याउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले स्थानीय सरकारले अनुदानका लागि छुट्याउने बजेटबाट गरीव तथा न्यून आय भएका बर्गको बीमा गरिदिने व्यवस्था गरेमा बीमामार्फत लक्षित बर्गलाई दीर्घकालिन रूपमा फाइदा हुने र स्थानीय तहलाई पनि विपद्का बेला आर्थिक भार नपर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदीले प्राधिकरणका काम कारवाही, बीमाको महत्व, बीमा गर्ने विधि, दावी भुक्तानी प्रक्रिया र बीमा क्षेत्रको विकास एवम् विस्तारमा स्थानीय तहको भुमिका सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले बीमा दाबी भुक्तानी प्रक्रिया झन्झटिलो रहेको, समयमा बीमा दाबी नपाएको, तीन-चार वर्षमा सरेण्डर गर्दा रकम नपाउने अवस्था रहेको, बजार मूल्यभन्दा निकै कममा पशुबीमाको बीमाङ्क निर्धारण गर्दा किसानहरूलाई मर्का परेको लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा विराटनगर महानगरपालिकाका जनप्रतिनिधि र कर्मचारी, विभिन्न संस्थाका प्रतिनिधि, बैङ्क, वित्तीय संस्था र बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयका कर्मचारीहरू लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख विनोद कुमार पोखरेलले गर्नुभएको थियो ।

वीरगञ्ज उद्योग वाणिज्य संघसँग बीमा सम्बन्धी अन्तर्क्रिया

फरक फरक उद्देश्य र रणनीति भएका उद्योगहरूका लागि एउटै बीमादर हुनु नहुने संघको भनाई

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल, वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल कुमार अग्रवाल तथा अतिथिहरु ।

नेपाल बीमा प्राधिकरणको आयोजनामा बुधबार वीरगञ्जमा वीरगञ्ज उद्योग वाणिज्य संघसँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले उद्योगी व्यवसायीहरूले राखेका बीमादर लगायतका समस्याहरूको समाधानका लागि थप अध्ययन आवश्यक भएकाले थप अध्ययन गरी समाधान निकालिने बताउनुभयो ।

अध्यक्ष सिलवालले फर्जी दावीको समस्या निकै देखिएकाले त्यसको समाधानका लागि निरन्तर कार्य भइरहेको जानकारी दिनुभयो ।

वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल कुमार अग्रवालले उद्योगहरूका उद्देश्य र रणनीति फरक फरक हुने भएकाले सबैका लागि एउटै बीमादर हुन नहुने र बीमा कम्पनीहरू पारदर्शी हनुपर्ने विचार व्यक्त गर्नुभयो ।

वीरगञ्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष हरि प्रसाद गौतमले बीमा दाबी भुक्तानीमा ढिलाई हुने गरेको र कोरोना बीमाको बाँकी दावी भुक्तानी नहुँदा बीमाप्रतिको विश्वास घटेको धारणा राख्नुभयो ।

कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ दिनुहुँदै नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदीले मोटरबीमा निर्देशिका परिमार्जनको क्रममा रहेको र सो मार्फत् समस्या समाधान गरिने बताउनुभयो ।

कार्यक्रममा वीरगञ्ज उद्योग वाणिज्य संघका पदाधिकारीहरू लगायत उद्योगी व्यवसायीहरू र बीमा कम्पनीका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख प्रीति देवले गर्नुभएको थियो ।

बुटवल उद्योग वाणिज्य संघसँग बीमा सम्बन्धी अन्तर्क्रिया

दाबीलाई सरलीकरण गर्नुपर्ने र रोजेको जोखिमको मात्र बीमा गर्न पाउनुपर्ने उद्योगीहरुको धारणा

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालका साथमा कार्यक्रमका अतिथि तथा सहभागीहरु ।

नेपाल बीमा प्राधिकरणकाको आयोजनामा मिति २०८१ साल भाद्र १४ गते बुटवलमा बुटवल उद्योग वाणिज्य संघ, रूपन्देहीसँग बीमा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा कम्पनीहरूले बीमाको पुनर्बीमा गर्ने भएकाले सबै दाबी भुक्तानी गर्न बीमा कम्पनीहरू सक्षम हुने र प्राधिकरणले पनि त्यसको नजिकबाट नियमन गरिरहने बताउनुभयो ।

बीमितले आफूले लिएको बीमालेख राम्रोसँग पढ्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै अध्यक्ष सिलवालले भन्नुभयो, “बीमक, बीमित र अन्य पक्षको साझेदारीबाट नै बीमाको प्रवर्द्धन हुन्छ, प्राधिकरणले सम्बद्ध सबैको भावना समेटेर नीति निर्देशिका बनाउने गरेको छ, उद्योगीहरूको समस्या समाधान गर्न प्राधिकरण सधैं तत्पर छ ।”

बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालले बीमा गर्दा सहज हुने तर दाबी भुक्तानी पाउन कठिन हुने भएकाले त्यसलाई सरलीकरण गर्नुपर्ने र आफूले रोजेको जोखिमको मात्र बीमा गर्न पाउने व्यवस्था हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ दिनुहुँदै नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदीले बीमा दाबी प्रक्रियालाई सरल तुल्याउँदै लगिएको, बीमा कम्पनीमा छिटो प्रतिवेदन प्राप्त होस् भनेर बीमा सर्भेयरलाई सङ्ख्या तोकेर काममा लगाउने व्यवस्था गरिएको र बीमादरलाई समयानुकूल बनाउन परिमार्जन गर्ने गरिएको स्पष्ट गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमा दाबी प्रक्रियालाई सरल तुल्याउनुपर्ने, हुलदङ्गा बीमालाई अनिवार्य नगरी स्वेच्छिक बनाउनुपर्ने, तेस्रो पक्ष बीमामा दायित्व रकम बढाउनुपर्ने, मोटर बीमामा ह्रास कट्टीलाई न्यून गर्नुपर्ने, प्रहरी मुचुल्का र प्रहरी प्रतिवेदनमा देखिएका समस्या समाधान गर्नुपर्ने लगायतका विचार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा बुटवल उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष लगायतका पदाधिकारी, उद्योगी व्यवसायी, बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत तथा प्रदेश र शाखा कार्यालयका प्रमुखहरूको सहभागिता रहेको थियो ।

संचालक समितिका बीमा विज्ञ सदस्य ओलीको विदाई तथा सम्मान

नेपाल बीमा प्राधिकरणका संचालक समितिका बीमा विज्ञ सदस्य कपिलदेव ओलीको दोस्रो पटकको चारवर्षे कार्यकाल यही २०८१ साल भाद्र ३ गतेदेखि पूरा भएको छ ।

बीमा विज्ञ सदस्य ओलीको विदाई एवम् सम्मानमा भाद्र २ गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुरमा एक कार्यक्रम आयोजना गरिएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा विज्ञ सदस्य ओलीलाई दोसल्ला ओढाई सम्मान गर्नुका साथै उपहार तथा सम्झनाको चिनो प्रदान गर्नुभयो ।

अध्यक्ष सिलवालले प्राधिकरणको संचालक समितिमा बीमा विज्ञ सदस्यका रूपमा रहेर ओलीले पुऱ्याउनुभएको योगदान प्रशंसनीय रहेको बताउनुभयो ।

बीरगञ्जमा आर्थिक पत्रकारहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

मधेश प्रदेशमा बीमा सचेतना अभिवृद्धि र बीमाको पहुच वृद्धिमा विशेष ध्यान दिन सुझाव

कार्यक्रममा सहभागी पत्रकारहरु ।

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८१ साल भाद्र २६ गते मधेश प्रदेशको बीरगञ्जमा आर्थिक पत्रकारहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले पत्रकार हरूलाई नागरिकको हितमा बीमाका बारेमा बोल्न र सत्यतथ्य लेख्न आग्रह गर्नुभयो ।

अध्यक्ष सिलवालले केही बीमालेखमा समस्या रहेको बाहेक बीमा कम्पनीहरूले लाखौं दाबी भुक्तानी दिएको उल्लेख गर्नुहुँदै भन्नुभयो, “बीमा गर्दा बीमालेखका प्रावधान र शर्तहरू राम्रोसँग पढ्नुपर्छ, आफ्नो हितमा छ कि छैन बुझ्नुपर्छ, झुठो बोलेर तथा सत्यतथ्य लुकाएर गरेको बीमाको दाबी लाग्दैन भन्ने सबैले थाहा पाउनु पर्छ, विदेशी बीमा कम्पनीसँग बीमा गर्नु गैरकानूनी हो, गर्न मिल्दैन ।”

सरकारले कृषि बीमामा ८० प्रतिशत अनुदान दिएकाले स्थानीय सरकारले त्यसमा अनुदान थप्नुभन्दा विपन्न तथा गरिब बर्गको बीमा गर्नु उपयुक्त हुने र त्यसबाट उनीहरूको कल्याण हुने उल्लेख गर्नुहुँदै अध्यक्ष सिलवालले भन्नुभयो, “बीमा कम्पनीहरू ऐन, नियम बमोजिम चल्नुपर्छ, जवाफदेही बन्नुपर्छ, ऐन, नियम विपरित जाने कम्पनीहरूले दण्ड सजायँ भोग्नुपर्छ ।”

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदीले बीमा क्षेत्रको विद्यमान अवस्था, बीमाको विकास एवम् विस्तारमा पत्रकारहरूको भूमिका लगायत बीमा सम्बन्धी समग्र विषयमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा सहभागी पत्रकार हरूले बीमा कम्पनीहरूले देशको भूगोल अनुसार बीमालेख ल्याउनुपर्ने, मधेश प्रदेशमा न्यून रहेको बीमाको पहुँच बढाउन जोड दिनुपर्ने, सीमापारिका बीमा कम्पनीहरूमा बीमा हुन नदिन विशेष ध्यान दिनुपर्ने, बीमा कम्पनीहरूले संचार माध्यममार्फत बीमा सचेतना अभिवृद्धिका लागि बजेट छुट्याउनुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

साथै, उहाँहरूले बीमा गर्न सजिलो तर दाबी भुक्तानी पाउन बीमितले निकै दु:ख पाउने गरेको, कोरोना बीमाको बाँकी दाबी भुक्तानी अझै नभएको र बीमाप्रतिको आकर्षण बढाउन सचेतना अभिवृद्धि आवश्यक भएको विचार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ, पर्साका अध्यक्ष तथा पदाधिकारी, विभिन्न संचार माध्यमका पत्रकार र बीमा कम्पनीहरूका प्रमुख कार्यकारी अधिकृत तथा प्रदेश कार्यालय प्रमुखहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका

विराटनगरमा संचारकर्मीहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८१ साल साउन २३ गते विराटनगरमा संचारकर्मीहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा सम्बन्धी समाचार प्रकाशन एवम् प्रसारणमा बीमाको विकास, प्रवर्द्धन र बीमितको हितलाई प्राथमिकता दिन आग्रह गर्नुभयो ।

अध्यक्ष सिलवालले बीमा दाबी भुक्तानी सम्बन्धी गुनासाहरूलाई सम्बोधन गर्दै दाबी भुक्तानीलाई थप प्रभावकारी बनाउन प्राधिकरण प्रतिवद्ध रहेको बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदीले बीमा सम्बन्धी समग्र विषयमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा विभिन्न संचारमा माध्यममा कार्यरत संचारकर्मीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख विनोद कुमार पोखरेलले गर्नुभएको थियो ।

बुटवलमा आर्थिक पत्रकारसँग बीमा सम्बन्धी अन्तर्क्रिया

बीमा दाबी पाउन धेरै समस्या भोग्नुपरेका गुनासाहरु आउने गरेको पत्रकारहरूको भनाई

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८१ साल भाद्र १४ गते बुटवलमा आर्थिक पत्रकार हरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा दावी भुक्तानीलाई छिटोछरितो बनाउन Online प्रणाली अपनाउन लागिएको र त्यसको लागि सफ्वेयर तयारीको कार्य भइरहेको जानकारी दिनुभयो ।

अध्यक्ष सिलवालले बीमा सेवा सँगसँगै उद्योग पनि भएकाले सेवा र नाफा दुईवटै यसका उद्देश्य रहेको स्पष्ट गर्नुभयो ।

कार्यक्रममा सहभागी पत्रकारहरूले बीमा व्यवसाय हो या सेवा हो ? भन्ने प्रश्न आउने गरेको, बीमा दावी पाउन धेरै समस्या भोग्नुपरेको, बीमा गराउने बीमा अभिकर्तालाई नै बीमा सम्बन्धी पूर्ण ज्ञान नभएकोले समस्या भोग्नु परेको जस्ता गुनासाहरू आउने गरेको उल्लेख गर्दै Surrender कसरी गरिन्छ र Surrender गर्दा कति पैसा पाइन्छ भन्ने जिज्ञासा राख्नुभएको थियो ।

बीमा गर्दा ध्यान दिनुपर्ने कुराहरू

- बीमितले बीमा गर्नुभन्दा अगाडि आफूलाई आवश्यक पर्ने बीमा यकीन गरी त्यससँग सम्बन्धित प्रस्ताव फारममा खुलाउनुपर्ने सम्पूर्ण विवरणहरू स्पष्टसँग खुलाई भर्नु पर्दछ ।
- बीमालेखमा उल्लेखित सम्पूर्ण शर्त एवम् सुविधाका बारेमा जानकारी लिएर मात्र बीमा गर्नु पर्दछ ।
- बीमितले आफ्नो पेशा, व्यवसाय एवम् आर्थिकस्तर समेतलाई ध्यानमा राखेर बीमालेख खरीद गर्नु पर्दछ ।
- बीमाशुल्क बुझाउने तथा बीमालेख नवीकरण गर्ने मिति, इच्छाइएको व्यक्तिको नाम, बीमालेखको अवधि समाप्त भएपछि प्राप्त हुने रकम जस्ता विषयमा बीमालेख खरीद गर्नुभन्दा अगाडि नै राम्रोसँग बुझ्नु पर्दछ ।
- बीमितले बीमाशुल्क बुझाएपछि त्यसको आधिकारिक भर्पाई वा रसिद लिनु पर्दछ ।
- बीमा सम्बन्धी प्रस्ताव फारम बीमित स्वयम्ले भर्नु पर्दछ । यदि बीमित निरक्षर वा प्रस्ताव फारम भर्न असमर्थ भएमा निजले तोकेको व्यक्तिले प्रस्ताव फारम भर्नु पर्दछ ।
- बीमितले आफूले बीमा गर्न लागेको बीमा कम्पनीका बारेमा राम्रोसँग बुझेर मात्र बीमा गर्नु पर्दछ ।
- बीमालेख नवीकरण गर्ने समय ख्याल गरी समयमा नै बीमालेख नवीकरण गर्नु पर्दछ ।
- बीमा सम्बन्धी प्रचलित नीति नियमहरू तथा कानूनका बारेमा जानकारी राख्नु पर्दछ ।
- बीमितले आफूले खरीद गरेको बीमालेखसँग सम्बन्धित सम्पूर्ण कागजातहरू सुरक्षित राख्नु पर्दछ ।
- हाल प्रविधिको विकाससँगै विभिन्न बैंकिङ्ग प्रणाली तथा डिजिटल भुक्तानी पोर्टल मार्फत घरबाट नै बीमाशुल्क बुझाउन सकिने भएकाले त्यस सम्बन्धमा राम्रोसँग जानकारी लिएर मात्र भुक्तानी गर्नु पर्दछ ।
- बीमितलेआफ्नोआवश्यकताrआम्दानीको स्रोतलाई ध्यानमा राखेर मात्र बीमा गर्नु पर्दछ । अन्यथा रकमको अभावमा तोकिएको समयावधिसम्म बीमालेखलाई नवीकरण गर्न नसकेर सरेण्डर गर्नुपर्ने अवस्था आउन सक्छ ।

कोशी प्रदेशस्थित बीमकका प्रदेश प्रमुख र बीमा सर्भेयरहरूसँग अन्तर्क्रिया

बीमकका प्रदेश तथा शाखा कार्यालयहरुलाई अधिकार प्रत्यायोजन गर्न ध्यानाकर्षण

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८१ साल साउन २१ गते विराटनगरमा कोशी प्रदेशस्थित बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयका प्रमुख तथा कर्मचारी र बीमा सर्भेयरहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा अन्तर्क्रिया एवम् छलफल कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्य प्रसाद सिलवालले बीमा ऐन, नियम र निर्देशिकाको दायरामा रहेर आ-आफ्नो जिम्मेवारी अनुसार कार्य गर्न बीमा कम्पनीका कर्मचारी तथा बीमा अभिकर्ताहरूलाई निर्देशन दिनुभयो ।

अध्यक्ष सिलवालले बीमाप्रतिको विश्वास अभिवृद्धिका लागि दाबी भुक्तानी महत्वपूर्ण विषय भएकाले समयमै दावी भुक्तानी गर्न बीमा कम्पनीहरूले सुझबुझका साथ काम गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदीले नागरिकलाई सरल एवम् सहजरूपमा बीमा सेवा उपलब्ध हुने गरी कार्य गर्न र कुनै समस्या परेमा प्राधिकरणको केन्द्रीय कार्यालय तथा प्रादेशिक कार्यालयहरूमा जानकारी गराउन सुझाव दिनुभयो ।

कार्यक्रममा घातक रोग बीमा, एकल बीमाशुल्क, कर सुविधाको सीमा, बीमक तथा लघुबीमकबीच बीमादरमा देखिएको अस्पष्टता, दाबी व्यवस्थापन, प्रदेश तथा शाखा कार्यालयलाई अधिकार प्रत्यायोजन, बीमा अभिकर्ताको परीक्षा, बीमकका कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि तालिमको व्यवस्था, बीमा क्षेत्रमा देखिएका समस्या लगायतका बीमा सम्बन्धी समग्र विषयमा छलफल भएको थियो ।

कार्यक्रममा कोशी प्रदेशस्थित बीमा कम्पनीका प्रदेश र शाखा कार्यालयका प्रमुख तथा कर्मचारीहरू र बीमा अभिकर्ताहरूको सहभागिता रहेको थियो ।

मधेश प्रदेशस्थित बीमकका प्रदेश तथा शाखा कार्यालयहरूसँग अन्तर्क्रिया

जुन प्रदेशमा उद्योग व्यवसाय छन् तिनको त्यही प्रदेशमा नै बीमा गर्ने व्यवस्था गर्न सुझाव

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८१ साल भाद्र २७ गते मधेश प्रदेशको वीरगञ्जमा बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा कम्पनीहरूले नविनतम् प्रविधिमा लगानी बढाउने र कार्यक्षेत्र विस्तार गर्नेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "बीमा कम्पनीहरूले इमान्दार भएर काम गर्नुपर्‍यो, स्थानीय बीमा सर्भेयरलाई काम दिनुपर्‍यो, घटना जहाँ हुन्छ त्यहाँ नै कारवाही हुने र त्यसमा जोखिमाङ्कन गर्ने व्यक्ति तथा कार्यालय प्रमुख जिम्मेवार हुने भएकाले इमान्दारीपूर्वक काम गर्नुपर्‍यो ।"

नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदीले कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ दिनुभयो ।

कार्यक्रममा सहभागीहरूले जुन प्रदेशमा उद्योग व्यवसाय छन् तिनको त्यही प्रदेशमा रहेका बीमकका शाखा कार्यालयबाट नै बीमा गराउनुपर्ने व्यवस्था हुनुपर्ने, केन्द्रमा मात्र नभई प्रदेशमा पनि तालिम आयोजना गर्नुपर्ने, प्रदेश तथा शाखा कार्यालयमा पर्याप्त कर्मचारीको व्यवस्था गर्नुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

यसैगरी, उहाँहरूले लघुबीमा कम्पनीले गर्ने बीमा पनि ठूला बीमा कम्पनीहरूले गर्ने गरेको, सम्पत्ति बीमामा अस्वस्थ प्रतिस्पर्धा भइरहेको र सर्वसाधारणलाई बीमाका बारेमा बुझाउन आवश्यक भएको विचार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा मधेश प्रदेशस्थित बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख प्रीति देवले गर्नुभएको थियो ।

लुम्बिनी प्रदेशस्थित बीमकका प्रमुखहरूसँग अन्तरक्रिया

सबै काम केन्द्रिकृत भएका कारण काम गर्न अप्ठ्यारो भएको गुनासो

नेपाल बीमा प्राधिकरणको आयोजनमा यही २०८१ साल भाद्र १५ गते बुटवलमा लुम्बिनी प्रदेशस्थित बीमकका प्रदेश प्रमुखहरूसँग छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणमा अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा व्यवसायलाई व्यवस्थित तथा नियमित बनाउनका लागि नीति, नियम पूर्णरूपमा पालना गर्नुपर्ने र अस्वस्थ प्रतिस्पर्धा गर्न नहुने बताउनुभयो ।

कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ दिनुहुँदै नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदीले Cash back को समस्या पहिचान गर्न निगरानी भइरहेको र प्रमाण भेटिएमा कडा कारवाही हुने स्पष्ट गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमकहरूका सबै काम केन्द्रिकृत भएका कारण काम गर्न अप्ठ्यारो भएको, बीमा कम्पनीको मर्जर पश्चात् कर्मचारीहरूको सेवा सुविधामा समानता नरहेको, बजारमा अस्वस्थ प्रतिस्पर्धा बढेकोले व्यवसाय गर्न समस्या भएको, मोटर बीमामा पनि केही बीमकले दररेट उल्लङ्घन गर्ने गरेको लगायतका धारणा राख्नुभएको थियो ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

केन्द्रीय कार्यालय, ललितपुर म.न.पा.-१०, कुपन्डोल

बीमा क्षेत्रको मुलभूत सूचकाङ्कहरु

नेपाल बीमा प्राधिकरणको प्रादेशिक कार्यालय

कोशी प्रदेश बिराटनगर म.न.पा.- १, मोरङ	मधेश प्रदेश वीरगंज म.न.पा.- १०, पर्सा	गण्डकी प्रदेश पोखरा म.न.पा.- १, कास्की
लुम्बिनी प्रदेश बुटवल उ.म.न.पा.- ११, रुपन्देही	कर्णाली प्रदेश वीरेन्द्रनगर न.पा.- ७, सुर्खेत	सुदूरपश्चिम प्रदेश धनगढि उ.म.न.पा.- १, कैलाली

बीमा कम्पनी संख्या

जीवन	निर्जीवन	पुनर्बीमा	लघुबीमा
१४	१४	२	७

बीमकको शाखा कार्यालय संख्या

१८३३ जीवन
११५१ निर्जीवन
२९८४ जम्मा

१ इन्स्योरेन्स इन्स्टिच्युट

१५ बीमा दलाल संख्या

	विवरण	आ.व. २०७९/८०	आ.व. २०८०/८१	परिवर्तन प्रतिशत
कुल बीमाशुल्क संकलन	जीवन बीमा	रु. १ खर्ब ४२ अर्ब ५७ करोड	रु. १ खर्ब ५६ अर्ब ५० करोड	९.७७
	निर्जीवन बीमा	रु. ४० अर्ब ३४ करोड	रु. ४१ अर्ब ४७ करोड	२.८०
	जम्मा	रु. १ खर्ब ८२ अर्ब ९१ करोड	रु. १ खर्ब ९७ अर्ब ९७ करोड	८.२३
जीवन बीमाको दायरामा आएको जनसंख्या प्रतिशत	वैदेशिक रोजगार बीमा बाहेक	३९.०३ %	३६.५३ %	↙
	वैदेशिक रोजगार बीमा सहित	४४.३८ %	४३.२७ %	↙
कुल ग्राहस्थ उत्पादनमा कुल बीमाशुल्कको अनुपात	जीवन बीमा	२.६७ %	२.७४ %	↗
	निर्जीवन बीमा	०.७५ %	०.७३ %	↙
	जम्मा	३.४२ %	३.४७ %	↗
बीमा घनत्व	जीवन बीमा	रु. ४,६८३.२६ प्रतिव्यक्ति	रु. ५,०९४.९९ प्रतिव्यक्ति	८.७९
	निर्जीवन बीमा	रु. १,३२५.०१ प्रतिव्यक्ति	रु. १,३४९.९५ प्रतिव्यक्ति	१.८८
	जम्मा	रु. ६,००८.२७ प्रतिव्यक्ति	रु. ६,४४४.९४ प्रतिव्यक्ति	७.२७
कुल लगानी	जीवन बीमा	रु. ५ खर्ब ६९ अर्ब १६ करोड	रु. ६ खर्ब ८३ अर्ब ८४ करोड	२०.१५
	निर्जीवन बीमा	रु. ५९ अर्ब ७९ करोड	रु. ६८ अर्ब ५३ करोड	१४.६१
	जम्मा	रु. ६ खर्ब २८ अर्ब ९६ करोड	रु. ७ खर्ब ५२ अर्ब ३७ करोड	१९.६२
जीवन बीमा दाबी	कुल दाबी भुक्तानी संख्या	२६०,७०१	२८०,१५१	७.४६
	कुल दाबी भुक्तानी रकम	रु. ५८ अर्ब १ करोड	रु. ६६ अर्ब ५९ करोड	१४.८०
निर्जीवन बीमा दाबी	कुल दाबी भुक्तानी संख्या	१३९,४९५	१५१,८८४	८.८८
	कुल दाबी भुक्तानी रकम	रु. २० अर्ब ७१ करोड	रु. १७ अर्ब ९० करोड	-१३.५६
	बीमा क्षेत्रमा प्रत्यक्ष रोजगारी	११,४९६ जना	११,९५१ जना	३.९६
	बीमा अभिकर्ता संख्या	२७७,६२६	३२९,५७२	१८.७१
	बीमा सर्भेयर	१,२१७ जना	१,२४९ जना	२.६३
चुक्ता पूँजी	जीवन बीमा	रु. ५३ अर्ब ५० करोड	रु. ६० अर्ब ८ करोड	१२.३१
	निर्जीवन बीमा	रु. २६ अर्ब ८४ करोड	रु. २७ अर्ब ८० करोड	३.५९

नोट : १. बीमकहरुबाट आ.व. २०८०/८१ असार मसान्तसम्मको व्यवसायको विवरण पेश गरेको आधारमा तयार गरिएको ।
२. लघुजीवन बीमा कम्पनीको विवरण जीवन बीमामा र लघुनिर्जीवन बीमा कम्पनीको विवरण निर्जीवन बीमामा समावेश गरी गणना गरिएको ।

जीवन बीमाको पहुँच (४३.२७%)

आ.व. २०८०/८१



बैदेशिक रोजगार म्यादी जीवन बीमा सामूहिक बीमा कोष (पुल) स्थापना तथा संचालन सम्बन्धी निर्देशन, २०८१

नेपाल बीमा प्राधिकरणले बैदेशिक रोजगार म्यादी जीवन बीमा व्यवसायलाई पारदर्शी, व्यवस्थित र प्रभावकारी बनाउन सामूहिक बीमा कोष स्थापना गरी बीमा पुल मार्फत बैदेशिक रोजगार म्यादी जीवन बीमालेख जारी गर्न र दाबी भुक्तानी गर्न 'बैदेशिक रोजगार म्यादी जीवन बीमा सामूहिक बीमा कोष (पुल) स्थापना तथा संचालन सम्बन्धी निर्देशन, २०८१' जारी गरेको छ ।

मिति २०८१ साल साउन १ गतेदेखि जारी भएका बैदेशिक रोजगार म्यादी जीवन बीमालेखहरूमा लागू हुने निर्देशनका विशेषताहरू :

१. बैदेशिक रोजगार म्यादी जीवन बीमा वापत प्राप्त हुने बीमाशुल्कको दाबी व्यवस्थापन गर्न बीमकहरूद्वारा सामूहिक बीमा कोष स्थापना गरिने,

२. बीमालेख जारी गर्ने सदस्य बीमकले मात्र बैदेशिक राजगार म्यादी जीवन बीमालेख जारी गर्नुपर्ने,

३. प्राधिकरणबाट इजाजतपत्र प्राप्त पुनर्बीमकहरूले संयुक्तरूपमा कोष प्रवन्धकको रूपमा कार्य गर्ने,

४. बैदेशिक रोजगार म्यादी जीवन बीमालेख जारी गर्ने सदस्य बीमकले बीमालेख जारी गर्नेदेखि दावी भुक्तानीसम्मको कामका लागि व्यवस्थापन खर्च स्वरूप बीमाशुल्कको एक प्रतिशत हुने रकम पाउने,

५. बैदेशिक रोजगार विभागमा सूचीकृत भई लगातार तीन महिनासम्म बीमालेख जारी नगर्ने बीमकको कोषको सदस्यता स्वतः खारेज हुने ।

बीमकको संस्थागत सुशासन सम्बन्धी (पहिलो संशोधन) निर्देशन, २०८१

नेपाल बीमा प्राधिकरणले बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०८० लाई संशोधन गरी 'बीमकको संस्थागत सुशासन सम्बन्धी (पहिलो संशोधन) निर्देशन, २०८१' जारी गरेको छ ।

बीमकका संचालक समिति, शेयरधनी तथा व्यवस्थापनको सम्बन्ध तथा जिम्मेवारी निर्धारण गर्न एवम् बीमित हित संरक्षण गर्ने बृहत्तर प्रयोजनका लागि बीमकको संस्थागत सुशासन कायम गर्न मिति २०८० साल फागुन २४ गते निर्देशिका जारी गरेको थियो ।

सो निर्देशिकालाई संशोधन गर्दै मिति २०८१ साल साउन ३१ गते जारी निर्देशनमा 'बीमा अभिकर्ताले आफू अभिकर्ता भई बीमितको स्वास्थ्य अवस्था, उपचारको अभिलेख, उमेर, आयस्रोत तथा कागजात विवरणहरू पूर्णरूपमा नभरी, ढाँटी वा लुकाई बीमा गरेको वा गराइएको पाइएमा बीमा ऐनको दफा १४० बमोजिम बीमा कसुर गरेको मानिनेछ र त्यस्तो बीमालेख सिफारिश गर्ने अभिकर्ताको इजाजतपत्र रद्द गर्न सकिनेछ' भन्ने व्यवस्था गरिएको छ ।

आँप खेती बीमालेख

नेपाल बीमा प्राधिकरणले आँप खेतीमा हुने क्षति विरूद्ध बीमा गर्नका लागि 'आँप खेती बीमालेख' जारी गरेको छ । आँप खेती बीमालेखका विशेषताहरू:

१. आँप खेतीको बीमा एउटा मात्र बीमकमा गर्नुपर्ने,

२. आँप खेती बीमालेख जारी गर्दा घण्टा र मिनेट समेत खुल्ने गरी समय उल्लेख गर्नुपर्ने, बीमालेख जारी भएको मिति र जोखिम प्रारम्भ भएको मिति फरक हुने गरी बीमालेख जारी गर्न नपाइने,

३. बीमकले आफूले गर्ने आँप खेतीको बीमाङ्क आँप खेती गणना तालिका अनुसार गर्नुपर्ने, बीमाङ्क गणना गर्दा कम वा बढी बीमाङ्क रकम कायम हुने गरी बीमालेख जारी गर्न नहुने,

४. आँप खेतीको बीमालेख जारी गर्दा लागत र उत्पादनका आधारमा गर्न सकिने, आँप खेतीको बीमाशुल्क लागतका आधारमा पाँच प्रतिशत र उत्पादनका आधारमा सात प्रतिशत कायम हुने,

५. आँपको नयाँ बगैंचाका हकमा विरूवा रोपण गरेको तीन महिनापछि र पुरानो बगैंचाको हकमा असोजदेखि पुस महिनासम्मा बीमा गरेको हुनुपर्ने,

६. बीमालेखले रक्षावरण गरेको आँप खेतीको क्षति भएमा क्षति भएको तीन दिनभित्र बीमितले बीमकलाई जानकारी गराउनुपर्ने,

७. बीमा दाबी परेपछि बीमकले आफू समक्ष परेको आँप खेतीको बीमा दाबीको तत्काल दाबी भुक्तानी प्रक्रिया प्रारम्भ गर्नुपर्ने ।

ओखर खेती बीमालेख

नेपाल बीमा प्राधिकरणले ओखर खेतीमा हुने क्षति विरूद्ध बीमा गर्नका लागि 'ओखर खेती बीमालेख' जारी गरेको छ । ओखर खेती बीमालेखका विशेषताहरू :

१. ओखर खेतीको बीमा एउटा मात्र बीमकमा गर्नुपर्ने,

२. ओखर खेतीको बीमा लागत र उत्पादनका आधारमा गर्न सकिने, बिजु विरूवाको हकमा ओखर खेतीको सात वर्षसम्म लागतको आधारमा मात्र र त्यसपश्चात् उत्पादन (फल) वा लागत (बोट) वा दुबैको आधारमा बीमा गर्न सकिने,

३. ओखर खेतीको बीमाशुल्क गणना गर्दा लागतको आधारमा पाँच प्रतिशत र उत्पादनको आधारमा सात प्रतिशत बीमाशुल्क लाग्ने,

४. नयाँ ओखर खेतीका लागि विरूवा रोपण गरेको तीन महिनापछि बीमा गर्नुपर्ने,

५. बीमालेखले रक्षावरण गरेको ओखर खेतीको क्षति भएमा क्षति भएको तीन दिनभित्र बीमितले बीमकलाई जानकारी गराउनुपर्ने,

६. बीमा दाबी परेपछि बीमकले आफू समक्ष परेको ओखर खेतीको बीमा दाबीको तत्काल दाबी भुक्तानी प्रक्रिया प्रारम्भ गर्नुपर्ने ।

दलहन बाली बीमालेख

नेपाल बीमा प्राधिकरणले दलहन बालीमा हुने क्षति विरूद्ध बीमा गर्नका लागि 'दलहन बाली बीमालेख' जारी गरेको छ । दलहन बाली बीमालेखका विशेषताहरू :

१. दलहन बालीको बीमा एउटा मात्र बीमकमा गर्नुपर्ने,

२. दलहन बालीको बीमालेख जारी गर्दा उत्पादनको आधारमा गर्नुपर्ने,

३. मुङ्ग, मास र गहत बालीको हकमा बीमाङ्क रकमको तीन प्रतिशत, चना, मसुरो, केराउ, बोडी, सिमी, भटमास र राजमा बालीको हकमा बीमाङ्क रकमको चार प्रतिशत र रहर बालीको हकमा बीमाङ्क रकमो पाँच प्रतिशतका दरले बीमाशुल्क कायम हुने,

४. बीमालेखमा उल्लेख भएको दुर्घटना बीमा वापत बीमाशुल्क प्रति बीमित रू. ५००/- लाग्ने,

५. बीमालेख अन्तर्गत आँप खेतीको बीमालेख जारी गर्दा लागत र उत्पादनका आधारमा गर्न सकिने,

६. बीउ छरेको ३० दिनभित्र त्यस्तो बीउ अङ्कुरण भएको दलहन बालीको बीमा गरिएको हुनुपर्ने,

७. बीमालेखले रक्षावरण गरेको दलहन बालीको क्षति भएमा क्षति भएको तीन दिनभित्र बीमितले बीमकलाई जानकारी गराउनुपर्ने,

८. बीमा दाबी परेपछि बीमकले आफू समक्ष परेको दलहन बालीको बीमा दाबीको तत्काल दाबी भुक्तानी प्रक्रिया प्रारम्भ गर्नुपर्ने ।

पन्छी बीमालेख

नेपाल बीमा प्राधिकरणले पन्छी पालनमा हुने क्षति विरूद्ध बीमा गर्नका लागि 'पन्छी बीमालेख' जारी गरेको छ । पन्छी बीमालेखका विशेषताहरू :

१. पन्छीको बीमा एउटा मात्र बीमकमा गर्नुपर्ने,

२. पन्छी बीमालेख जारी गर्दा घण्टा र मिनेट समेत खुल्ने गरी समय उल्लेख गर्नुपर्ने,

३. बीमा गरिने पन्छीको बीमाङ्क रकम कायम गर्दा स्थानीय बजारमा प्रचलित चल्लाको खरीद मूल्य र दाना प्रति के.जी. खरीद मूल्यका आधारमा देहायको समीकरणको योगफलको आधारमा कायम गरिने :

प्रति पन्छीको बीमाङ्क रु. = प्रति केजी दानाको मूल्य× निर्धारित गुणाङ्क+ चल्लाको मूल्य

४. विदेशबाट आयात गरिएका पन्छीको बीमाङ्क निर्धारण गर्दा अनिवार्य रूपमा विदेशमा पैसा पठाएको प्रमाण, विजक, ढुवानी निस्सा, राजश्व तिरेको कागज, प्रचलित कानून बमोजिम जारी गरिएको आधिकारिक क्वारेन्टाइन प्रमाणपत्र आदि पेश गर्नुपर्ने,

५. बीमितले बीमाशुल्क भुक्तानी गरेको रकम बीमकको बैङ्क खातामा जम्मा भएको प्रमाण बीमकले प्राप्त नगरेसम्म बीमालेख जारी गर्न नपाइने,

६. एक ह्याचरीदेखि अर्को ह्याचरीको दूरी कम्तीमा २०० मिटरको फरकमा हुनुपर्ने,

७. बीमालेखले रक्षावरण गरेको पन्छीमा क्षति भएमा क्षति भएको तीन दिनभित्र बीमितले बीमकलाई जानकारी गराउनुपर्ने,

८. बीमकले आफू समक्ष परेको पन्छीको बीमा दाबीको भुक्तानी प्रक्रिया तत्काल प्रारम्भ गर्नुपर्ने ।

नेपाल बीमा प्राधिकरणबाट गत आर्थिक वर्ष २०८०/८१ मा जारी भएका निर्देशन र मार्गदर्शन

निर्देशिका, निर्देशन र मार्गदर्शन

१. दाबी भुक्तानी मार्गदर्शन, २०८१
२. सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी (पहिलो संशोधन) निर्देशन, २०८१
३. जीवन बीमकको घातक रोग पूरक करार सम्बन्धी मार्गदर्शन, २०८१
४. निर्जीवन बीमकको घातक रोग बीमालेख सम्बन्धी मार्गदर्शन, २०८१
५. सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०८१
६. बीमकको वित्तीय विवरण सम्बन्धी (पहिलो संशोधन) निर्देशन, २०८०
७. Digital Insurance Policy Guideline, 2024 (2081 BS)
८. Guideline Related to Actuary Appointment for Insurers, 2024 (2081 BS)
९. बैदेशिक रोजगार म्यादी बीमालेख निर्देशन, २०८०
१०. बीमकको मुद्दती निक्षेपमा लगानीको एयरमार्क (Earmark) सम्बन्धी मार्गदर्शन, २०८१
११. बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०८० (स्वीकृत मिति: २०८०/११/२४०
१२. बीमकको वित्तीय विवरण सम्बन्धी निर्देशन, २०८०
१३. सम्पत्ति बीमा निर्देशन, २०८०
१४. पुनर्बीमकको लगानी (पहिलो संशोधन) निर्देशन, २०८०
१५. लघु निर्जीवन बीमकको लगानी (पहिलो संशोधन) निर्देशन, २०८०
१६. लघु जीवन बीमकको लगानी (पहिलो संशोधन) निर्देशन, २०८०
१७. निर्जीवन बीमकको लगानी (पहिलो संशोधन) निर्देशन, २०८०
१८. जीवन बीमकको लगानी (पहिलो संशोधन) निर्देशन, २०८०
१९. लघुबीमा (पहिलो संशोधन) निर्देशन, २०८०
२०. IRMIS सम्बन्धी मार्गदर्शन, २०८०

कोशी प्रदेशका स्थानीय तहसँग बीमा सम्बन्धी अन्तर्क्रिया

बीमा दाबी भुक्तानीमा देखिएका समस्या समाधान गर्नका लागि पहल गर्न प्राधिकरणसग आग्रह

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल भदौ ७ गते मोरङ जिल्लाको रतुवामाई नगरपालिकासँग बीमा सम्बन्धी अन्तर्क्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि रतुवामाई नगरपालिकाका प्रमुख नागेश्वर प्रसाद सिंहले बीमाका माध्यमबाट कृषि क्षेत्रमा देखिएका जोखिम कम गर्न मद्दत पुग्ने भएकाले बीमाको पहुँच बृद्धिका लागि पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

उहाँले बीमा दाबी भुक्तानीमा देखिएका समस्या समाधान गर्नका लागि पहल गर्न प्राधिकरणसँग आग्रह गर्नुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख विनोद कुमार पोखरेलले बीमा सम्बन्धी समग्र विषयमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा रतुवामाई नगरपालिकाका जनप्रतिनिधि, अगुवा कृषक, स्थानीय व्यवसायी, बीमा र बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधिहरू लगायतको सहभागिता रहेको थियो ।

शिक्षक तथा विद्यार्थीसग बीमा सम्बन्धी अन्तर्क्रिया

"विद्यालयदेखि नै बीमाका बारेमा सचेतना अभिवृद्धि गर्दै जानुपर्ने"

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल भदौ ६ गते मोरङ जिल्लास्थित प्रगतिशील माध्यमिक विद्यालयका शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि प्रगतिशील माध्यमिक विद्यालयका प्रधानाध्यापक अर्जुन कुमार राजवङ्शीले बीमा मार्फत जोखिम व्यवस्थापन गर्न सकिने भएकाले विद्यालयदेखि नै बीमाका बारेमा सचेतना अभिवृद्धि गर्दै जानुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख विनोद कुमार पोखरेलले बीमाको परिचय, बीमाको महत्व, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया र बीमा बजारको विद्यमान अवस्था लगायतका विषयमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा विद्यालयका शिक्षक, कर्मचारी र विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

मधेश प्रदेशका स्थानीय तहहरुसग बीमा सम्बन्धी अन्तर्क्रिया

स्थानीयस्तरमा बीमा सम्बन्धी सचेतना अभिवृद्धि गर्न जोड दिनुपर्ने धारणा

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल साउनमा रौतहट जिल्लाको मौलापुर नगरपालिका र भदौमा बारा जिल्लाको महागढीमाई नगरपालिकासँग बीमा सम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

मौलापुर नगरपालिकासँग साउन २७ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि मौलापुर नगरपालिकाका प्रमुख रीना कुमारी साहले स्थानीयस्तरमा बीमा सम्बन्धी सचेतना अभिवृद्धिमा जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

महागढीमाई नगरपालिकासँग भदौ १३ भएको कार्यक्रममा प्रमुख अतिथि महागढीमाई नगरपालिकाका प्रमुख उपेन्द्र प्रसाद यादवले पशुबीमालाई प्रभावकारीरूपले अगाडि बढाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

ती कार्यक्रममा नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख प्रीति देवले स्थानीयस्तरमा बीमा सम्बन्धी सचेतना अभिवृद्धिका कार्यक्रमहरू आयोजना गर्नका लागि आवश्यक समन्वय गर्न प्राधिकरण तयार रहेको बताउनुभयो ।

कार्यक्रमहरूमा सम्बन्धित स्थानीय तहका जनप्रनिधि र कर्मचारी, स्थानीय व्यवसायी, अगुवा कृषक र बीमा, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधिहरू लगायतको सहभागिता रहेको थियो ।

शिक्षक तथा विद्यार्थीसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल भदौ १२ गते राजाराम (मो.वि.शा.) बहुमुखी क्याम्पस, कलैयामा बीमा सम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा क्याम्पस प्रमुख निवेश तिमिल्सिनाले ECA (Extra Curriculum Activities) मा बीमा विषयलाई समावेश गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख प्रीति देवले प्राधिकरणद्वारा आयोजित बीमा सम्बन्धी निवन्ध प्रतियोगिताका बारेमा जानकारी दिनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका तर्फबाट बीमा बजारको विद्यमान अवस्था, बीमाको महत्व, बीमित हित संरक्षण तथा गुनासो सुनुवाई व्यवस्था, बीमा मार्फत हुने जोखिम व्यवस्थापन लगायतका विषयमा जानकारी दिइएको थियो ।

कार्यक्रममा क्याम्पसका शिक्षक, कर्मचारी र विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

गण्डकी प्रदेशका स्थानीय तहसँग बीमा सम्बन्धी अन्तर्क्रिया

‘नगरको आगामी नीति तथा कार्यक्रममा घर बीमा कार्यक्रम ल्याउने प्रतिवद्धता’

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल साउनमा स्याङ्जा जिल्लाका भीरकोट नगरपालिका र चापाकोट नगरपालिकासँग बीमा सम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

भीरकोट नगरपालिकासँग साउन २८ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि भीरकोट नगरपालिकाका प्रमुख गोविन्द कुमार कर्माचार्यले नगरपालिकाको आगामी नीति तथा कार्यक्रममा घर बीमा कार्यक्रम ल्याउने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

चापाकोट नगरपालिकासँग साउन २९ गते भएको कार्यक्रममा चापाकोट नगरपालिकाका प्रमुख देव बहादुर खाणले नगरपालिकामा बीमा सेवा विस्तारका लागि बीमा कम्पनीहरूलाई कोठा आवश्यक परेमा प्रदान गर्न तयार रहेको बताउनुभयो ।

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयका प्रमुख केशव प्रसाद दाहालले ती कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ दिनुभएको थियो ।

कार्यक्रमहरूमा सहभागीहरूले बीमा कम्पनीहरूले गाउँ गाउँमा गएर कृषि बीमाका प्राविधिक विषयवस्तुका बारेमा कृषकहरूलाई बुझाउनुपर्ने आवश्यकता औंल्याउनुहुँदै कृषि बीमा गर्न बीमा कम्पनीहरू अग्रसर नभएको, नागरिकलाई बीमा भनेको सुरक्षण र संरक्षणको माध्यम हो भन्ने बुझाउन नसकेको, नगरपालिकाभित्र बीमकका कुनै शाखा कार्यालय नभएको, बीमा सम्बन्धी कम ज्ञान भएका व्यक्तिहरू बजारीकरणमा आउँदा समस्या परेको लगायतका धारणा राख्नुभएको थियो ।

जीवन बीमा अभिकर्तासँग अन्तर्क्रिया

बीमा क्षेत्रमा देखिएका व्यथितिको निरूपणका लागि प्राधिकरण अझ गम्भीर बन्नुपर्ने धारणा

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल साउन ६ गते पोखरामा गण्डकी प्रदेशमा कार्यरत जीवन बीमा अभिकर्ताहरूसँग अन्तर्क्रिया एवम् छलफल कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा बीमा अभिकर्ताको आचारसंहिता तथा दण्ड सजायँ सम्बन्धी कानूनी व्यवस्था, विद्यमान बीमा बजारको अवस्था, बीमाको विकास एवम् विस्तारमा बीमा अभिकर्ताको भूमिका लगायतका विषयमा छलफल भएको थियो ।

कार्यक्रममा सहभागीहरूले शैक्षिक योग्यताका आधारमा बीमा अभिकर्ताको बर्गीकरण हुनुपर्ने, निम्न माध्यमिक विद्यालय र माध्यमिक विद्यालयका पाठ्यक्रममा बीमा विषय समावेश गर्न पहल गर्नुपर्ने, बीमाको विश्वासनीयता बढाउन कोरोना बीमाको बाँकी दावी भुक्तानी छिट्टै हुनुपर्ने, बीमा क्षेत्रमा देखिएका व्यथितिको निरूपणका लागि प्राधिकरण अझ गम्भीर बन्नुपर्ने, गर्भवती महिलाको जोखिमको यथेष्ट मूल्याङ्कन गरी बीमा गराउन पाउनुपर्ने व्यवस्था गर्न पहल गर्नुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

शिक्षक र विद्यार्थीहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल साउन ३२ गते पोखरास्थित नोबेल एकेडेमीमा बीमा सम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि नोबल एकेडेमीका निर्देशक प्रा. विजय आनन्द शर्माले बीमा सम्बन्धी सचेतना फैलाउन यस्ता कार्यक्रमहरू महत्वपूर्ण हुने भएकाले आगामी दिनमा कार्यक्रमलाई निरन्तरता दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा बीमा शिक्षाको आवश्यकता, बीमाको विकास एवम् विस्तारमा विद्यालयको भूमिका, बीमा बजारको विद्यमान अवस्था, अर्थतन्त्रको विकासमा बीमाको योगदान लगायतका विषयमा छलफल भएको थियो ।

यसैगरी, साउन ३० गते **जनप्रिय माध्यमिक विद्यालय**का शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

लुम्बिनी प्रदेशका स्थानीय तहसँग बीमा सम्बन्धी अन्तर्क्रिया

'लालपूर्जा नभएका जग्गामा रहेका सरकारी सम्पत्तिको पनि बीमा हुनेगरी नीतिगत व्यवस्था गर्नुपर्ने'

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजना यही २०८१ साल साउन २२ गते रूपन्देही जिल्लाको सैनामैना नगरपालिकासँग बीमा सम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि सैनामैना नगरपालिकाका उपप्रमुख विना रानाले नगरपालिकाले योजना बनाएर कृषि तथा पशुपन्छी बीमालाई अगाडि बढाउने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयका प्रमुख पूर्ण बहादुर थापाले गरीव तथा विपन्न बर्गको भौतिक सम्पत्तिको बीमा गरी आर्थिक जोखिमलाई रक्षावरण गर्नेतर्फ ध्यान दिन नगरपालिकासँग आग्रह गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले नेपाल बीमा प्राधिकरणले बीमा कम्पनीको नियमन र निगरानीलाई अझै प्रभावकारी बनाउनुपर्ने, कोरोना बीमाको बाँकी दाबी भुक्तानी छिट्टै गर्नुपर्ने, लालपूर्जा नभएका जग्गामा रहेका सरकारी सम्पत्तिको पनि बीमा हुनेगरी नीतिगत व्यवस्था गर्नुपर्ने, बीमा अभिकर्ताको क्षमता विकासका लागि तालिम आयोजना गर्नुपर्ने, जीवन बीमा गर्दा सम्पूर्ण रोगको जोखिम रक्षावरण गर्नुपर्ने, जीवन बीमा गर्दा उमेरको अवधि तोकिनु नहुने, उपचार पद्धति जुनसुकै भए पनि दाबी रकम पाउनुपर्ने लगायता धारणा राख्नुभएको थियो ।

कार्यक्रममा नगरपालिकाका जनप्रतिनिधि र कर्मचारी, बीमकका प्रतिनिधिहरू लगायतको सहभागिता रहेको थियो ।

लुम्बिनी प्रदेशस्थित जीवन बीमा अभिकर्ताहरूसँग अन्तर्क्रिया

'आर्थिक हिनामिना गरेका बीमा अभिकर्तालाई प्राधिकरणले कारबाही गर्नुपर्ने'

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजना यही २०८१ साल साउन १७ गते बुटवलमा लुम्बिनी प्रदेशस्थित जीवन बीमा अभिकर्ताहरूसँग छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

जीवन बीमा अभिकर्ताहरूलाई कानूनी तथा नीतिगत व्यवस्थाको जानकारी दिने, अभिकर्ताको दक्षता अभिबृद्धि गर्ने, कार्य प्रक्रियामा सुधार ल्याउने र गुनासा तथा जिज्ञासाहरूलाई सम्बोधन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेशका कार्यालयका प्रमुख पूर्ण बहादुर थापाले बीमा अभिकर्ताका सम्बन्धमा भएका कानूनी तथा नीतिगत व्यवस्थाको बारेमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रमका सहभागीहरूले आर्थिक हिनामिना गरेका बीमा अभिकर्तालाई प्राधिकरणले कारबाही गर्नुपर्ने, बीमा अभिकर्ताको परीक्षा समयमा नै हुने व्यवस्था मिलाउनुपर्ने, बीमा व्यवसायबाट रिटायर्ड भइसकेपछि बीमा अभिकर्तालाई आर्थिकरूपले जीवनयापन गर्न सहज हुने गरी कार्यक्रम ल्याउनुपर्ने, बीमा अभिकर्ताको तालिम लिएपछि मात्रै बीमा अभिकर्ताको परीक्षामा संलग्न हुन पाउने व्यवस्था गर्नुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

कर्णाली प्रदेशस्थित आर्थिक पत्रकारहरूसँग अन्तर्क्रिया

बीमा विषयमा कलम चलाउने पत्रकारलाई प्रोत्साहित गर्ने व्यवस्था गर्न आग्रह

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल साउन १ गते सुर्खेतमा कर्णाली प्रदेशस्थित विभिन्न संचार माध्यमका आर्थिक पत्रकारहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि नेपाल पत्रकार महासंघ, कर्णाली प्रदेशका अध्यक्ष देवीराम देवकोटाले बीमाको प्रचार प्रसारमा व्यापकता ल्याउनका लागि प्रदेश र जिल्लास्तरबाट पत्रकारहरूले सकारात्मक सन्देश सम्प्रेषण गर्ने बताउनुभयो ।

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख निलप्रसाद लामिछानेले कर्णाली प्रदेशमा बीमा सचेतना अभिवृद्धिमा आर्थिक पत्रकारहरूको भूमिका महत्वपूर्ण हुने बताउनुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमितले बीमालेखका बारेमा नबुझिकनै बीमा गर्ने गरेको, कतिपय बीमा कम्पनीले टार्गेटलाई मात्र लक्षित गरेर बीमा गराउन गरेको, बीमा कम्पनीले आम्दानीको कम्तीमा १० प्रतिशत रकम संस्थागत सामाजिक उत्तरदायित्वका लागि खर्च गर्न बीमकहरूलाई निर्देशन दिनु आवश्यक भएको धारणा राख्नुभएको थियो ।

साथैं, उहाँहरूले कर्णालीका दूरदराजसम्म बीमाको पहुँच पुऱ्याउनका लागि बीमा सचेतना कार्यक्रमलाई निरन्तरता दिनुपर्ने, बीमा विषयमा कलम चलाउने पत्रकारलाई उत्प्रेरित एवम् प्रोत्साहित गर्न पुस्कृत गर्ने व्यवस्था गर्नुपर्ने, दुर्घटना बीमा दाबी भुक्तानीमा बीमितले झन्झट व्यहोर्नु परेको, बीमा दाबी भुक्तानीमा बार्गेनिङ्ग र बेथिति हुने गरेको, बीमा गरेपछि दोब्बर रकम आउँछ भनेर कतिपय बीमा अभिकर्ताले भ्रम फैलाउने गरेको लगायतको विचार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा विभिन्न संचार माध्यमका आर्थिक पत्रकारहरूको सहभागिता रहेको थियो ।

विद्यालयस्तरीय बीमा सचेतना कार्यक्रम

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल साउन २० गते सुर्खेतको वीरेन्द्रनगरमा एसओएस हर्मन माइनर स्कुलका शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा एसओएस हर्मन माइनर स्कुलका सहायक प्रधानाध्यापक गंगाराम खड्काले विद्यालयको पाठ्यक्रममा बीमा सम्बन्धी विषयवस्तु समावेश भएको जानकारी दिनुहुँदै बीमा सम्बन्धी कार्यक्रम विद्यार्थीहरूका लागि थप प्रभावकारी भएको बताउनुभयो ।

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख निलप्रसाद लामिछानेले बीमाको परिचय तथा महत्व, जोखिम व्यवस्थापन, बीमा सम्बन्धी कानूनी व्यवस्था, बीमाका प्रकार, बीमा मध्यस्थकर्ता र बीमा गर्दा ध्यान दिनुपर्ने विषयहरू सम्बन्धी प्रस्तुती गर्नुभयो ।

कार्यक्रममा विद्यालयका शिक्षक, कर्मचारी र कक्षा ९, १० र ११ मा अध्ययनरत विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

सुदूरपश्चिम प्रदेशका स्थानीय तहमा बीमा सम्बन्धी अन्तर्क्रिया

कृषि प्राविधिक र बीमा अभिकर्ता नभएर कृषि बीमा गर्न नपाएको गुनासो

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल साउन ३२ गते कन्चनपुर जिल्लाको बेदकोट नगरपालिकासँग बीमा सम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि बेदकोट नगरपालिकाका प्रमुख भोज राज बोहराले नगरपालिकाको आगामी नीति तथा कार्यक्रममा बीमालाई समावेश गर्ने र नगरपालिकाका सेवालाई क्रमशः बीमासँग आवद्ध गर्दै लैजाने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

जङ्गली जनावरबाट पशुहरू मारिँदा र अन्य क्षति हुँदा राहत स्वरूप हरेक वर्ष करिब रू. १० लाख वितरण गर्ने गरेको उल्लेख गर्नुहुँदै प्रमुख बोहराले उक्त रकमबाट नगरपालिकाभित्रका सबै कृषकको जोखिम बीमा गर्न सकिने भएकाले त्यसतर्फ ध्यान दिन लागेको बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका तर्फबाट बीमाको विकास एवम् प्रवर्द्धनमा स्थानीय तहको भूमिका सम्बन्धी प्रस्तुती गरिएको थियो ।

कार्यक्रममा सहभागीहरूले कृषि प्राविधिक र बीमा अभिकर्ता उपलब्ध नहुँदा कृषि बीमा गर्न नपाएको, बीमा कम्पनीहरू कृषि बीमा गर्न अनिच्छुक देखिएको, जङ्गली जनावरले गाईवस्तु खाएको अवस्थामा प्रमाण जुटाउन निकै गाह्रो हुने गरेको, बीमा दाबी लिन धेरै झन्झट रहेको, कच्ची घरको नक्सा पास नहुँदा बीमा गर्न नपाएको लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा नगरपालिकाका जनप्रतिनिधि र कर्मचारी, बीमा कम्पनीका शाखा कार्यालयका प्रतिनिधि, अगुवा कृषकहरू लगायतको सहभागिता रहेको थियो ।

बीमा मध्यस्थकर्ताहरूसँग अन्तर्क्रियाका

नयाँ र परिस्कृत बीमालेखहरू डिजाइजन गर्नेतर्फ ध्यान दिन आग्रह

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल साउन २९ गते कैलालीको धनगढीमा बीमा मध्यस्थकर्ताहरूसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

बीमा व्यवसायमा विद्यमान समस्या र समाधानका उपायका बारेमा छलफल गर्ने उद्देश्यले आयोजित कार्यक्रममा नेपाल बीमा प्राधिकरणका तर्फबाट बीमा मध्यस्थता सम्बन्धी मौजुदा कानूनी व्यवस्था, मध्यस्थकर्ताको नियमनमा देखिएका समस्या तथा चुनौतीका सम्बन्धमा प्रस्तुती गरिएको थियो ।

कार्यक्रममा सहभागीहरूले बीमा अभिकर्ताको परीक्षा संचालन प्रक्रियालाई थप व्यवस्था बनाउनुपर्ने, बीमा अभिकर्ताले एकाघरका परिवारका सदस्यहरूको बीमा गराउन पाउने व्यवस्था गर्नुपर्ने, बीमा सम्बन्धी पाठ्यक्रम तयार गरी पठनपाठन गर्ने व्यवस्था गर्न पहल गर्नुपर्ने, नयाँ र परिस्कृत बीमालेखहरू डिजाइजन गर्न ध्यान दिनुपर्ने, बीमा सर्भेयर प्रदेशमा हुँदाहुँदै केन्द्रबाट खटाउन नहुने लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा नेपाल पेशागत बीमा अभिकर्ता संघ र नेपाल इन्स्योरेन्स प्रोफेशनल सोसाइटी, धनगढीका पदाधिकारी, बीमा सर्भेयर तथा बीमा अभिकर्ताहरू लगायतको सहभागिता रहेको थियो ।

अन्तर्राष्ट्रिय

समाचार

Regional Exchange on Building Financial Resilience through Insurance and Risk Finance

UNDP-IRFF को आयोजनामा यही सन् २०२४ को जुलाई १८ र १९ मा इण्डोनेसियाको जाकार्तामा 'Regional Exchange on Building Financial Resilience through Insurance and Risk Finance' कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल लगायत विभिन्न १० देशका बीमा नियमनकारी निकाय तथा विपद् व्यवस्थापन प्राधिकरण र UNDP का प्रतिनिधिहरूको सहभागिता रहेको थियो । कार्यक्रममा नेपालबाट नेपाल बीमा प्राधिकरणका उपनिर्देशक प्रीति देव सहभागी हुनुभएको थियो ।

कार्यक्रममा वित्तीय लचिलोपन निर्माण, दिगो विकासका एजेन्डा, नीति तथा नियामक ढाँचा, उद्योग जोखिम बीमा, बीमा र वित्त जोखिम समाधानका औजारको पहिचान लगायतका विषयमा छलफल भएको थियो ।

iii-Lab-4 International Innovation Incubator मा सहभागिता

Access to Insurance Initiative (A2ii) को आयोजनामा मिति २०८१ साल साउन ८ गतेदेखि १० गतेसम्म जर्मनीको फ्र्याङ्फर्टमा iii-Lab-4 International Innovation Incubator कार्यक्रममा सम्पन्न भएको छ ।

कार्यक्रममा विगतका iii–lab मा सहभागी राष्ट्रहरूले गरेका काम, विद्यमान समस्या तथा चुनौतीहरू र हालको अवस्थाका बारेमा छलफल भएको थियो ।

कार्यक्रममा नेपालबाट नेपाल बीमा प्राधिकरणका निर्देशक पूजन ढुङ्गेल (अधिकारी) को नेतृत्वमा उपनिर्देशक पुष्पा कुँवर र सहायक निर्देशक आर्या रावल सहभागी हुनुभएको थियो ।

यसैगरी, A2ii तथा IAIS को आयोजनामा मिति २०८१ साल साउन ७ गते **A2ii-IAIS Financial Inclusion Forum Meeting** सम्पन्न भएको छ ।

बैठकमा Financial Inclusion Forum का सदस्य राष्ट्रहरूमा भएका वित्तीय समावेशिता सम्बन्धी कार्य, जलवायु परिवर्तन, Index Insurance, Innovative Technology लगायतका विषयमा छलफल भएको थियो ।

OECD–ADBI–OJK Roundtable on Insurance and Retirement Savings In Asia

Asian Development Bank Institute (ADBI), Organization for Economic Cooperation and Development (OECD) र OJK (Financial Services Authority of Indonesia) को संयुक्त आयोजनामा OECD–ADBI–OJK Roundtable on Insurance and Retirement Savings in Asia सम्पन्न भएको छ ।

कार्यक्रममा सहभागीहरूले आ-आफ्ना मुलुकको Retirement Saving and Pension Plan/Flood Risk in Insurance सम्बन्धमा भएका व्यवस्था र अनुभव आदान-प्रदान गर्नुभएको थियो ।

यही सन् २०२४ को जुलाई ९ र १० मा इन्डोनेसियाको जाकार्तामा भएको कार्यक्रममा अमेरिका र अष्ट्रेलिया सहित विभिन्न नेपाल लगायत ३३ देशबाट २११ जनाको सहभागिता रहेको थियो

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक बिनोद कुमार पोखरेलले प्राधिकरणको परिचय, नेपाली बीमा बजारको अवस्था, नेपालमा Climate Risk, Flood Risk तथा Weather Based index insurance सम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो ।